# उद्यमीसँग उपाध्यक्ष कार्यक्रम कार्यविधि, २०७७

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**नेपाल**



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड -४, सङ्ख्या : ६ मिति : २०७७/०६/२५

## भाग -२

# दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७७/०६/१९

प्रमाणीकरण मिति : २०७७/०६/२५

## उद्यमीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**प्रस्तावना** : दार्मा गाउँपालिका भित्र पर्याप्त रोजगारीको सृजना गरि गाउँपालिका भित्रको स्थानीय स्रोत, साधन र मानवीय स्रोतको अधिकतम उपयोग गर्दै सीपमूलक तालिममार्फत लघु उद्यम, घरेलु उद्यम तथा व्यवसायको स्थापना, स्तरोन्नती एवम् दीगो विकास गरी स्थानीय नागरिकको आर्थिक समृद्धिमा टेवा पुर्याउने उद्देश्यले उद्यमीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद – १

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम उद्यमीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) उद्योग' भन्नाले औद्योगिक व्यवसाय ऐन २०७३ बमोजिमको लघु उद्यम, घरेलु उद्योग र गाउँपालिकामा दर्ता भएका अन्य व्यवसायसमेतलाई सम्झनुपर्छ।

(ख) 'उद्यमी' भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता गरी उद्योग व्यवसाय गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्दछ।

(ग) 'उद्यमशीलता विकास तालिम' भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यसायिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रदान गरिने व्यवसायीक तालिम सम्झनु पर्दछ।

(घ) 'लक्षित वर्ग' भन्नाले महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समुदायलाई समेत जनाउँदछ।

(ङ) 'प्रविधि हस्तान्तरण' भन्नाले व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनुपर्दछ र सो शब्दले त्यस्तो मेसिन उपकरण खरिद गर्नको लागि लागत साझेदारीमा सहयोग गर्ने वा त्यस्तो उपकरण वा मेसिन सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सिप सिकाउने कार्यलाई सम्झनुपर्दछ।

(च) 'सेवा प्रदायक' भन्नाले लघु उद्यमी सिर्जना, प्रवर्धन, विकास तथा विस्तार वा स्वरोजगारी वा रोजगारीका लागि सिप विकास तालिम प्रदान गर्न फर्म, इन्सिच्युट र गैरसरकारी संघसंस्थालाई सम्झनुपर्दछ।



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

(छ) कार्यक्रम भन्नाले यसै कार्यविधि बमोजिम सञ्चालन हुने उद्यमीसँग सञ्चालित उपाध्यक्ष  कार्यक्रम सम्झनुपर्छ ।

(ज) अनुगमन समिति भन्नाले यसै कार्यविधिको दफा १५ को उपदफा २ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(झ) गाउँपालिका भन्नाले दार्मा गाउँपालिका सम्झनुपर्छ ।

४. **दीर्घकालिन सोच** : सीपमूलक तालिम तथा व्यवसाय प्रवर्धनका लागि आर्थिक सहायताको माध्यमबाट उद्योगको स्थापना गरि बेरोजगारी समस्यालाई कम गर्दै गाउँपालिकामा रहेका नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

५. **लक्ष्य** : दार्मा गाउँपालिकामा छरिएर रहेका स्थानीय स्रोत तथा सीपमा आधारित लघु उद्यम तथा घरेलु उद्योगको स्थापनाका साथै व्यवसाय गर्न प्रोत्साहन गरि उद्योगको विकास तथा आयस्तरमा सुधार ल्याई आम नागरिकलाई व्यवसायी बनाउने यो कार्यक्रमको लक्ष्य हुनेछ ।

६. **उद्देश्य :** यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) स्थानीय स्रोत र साधनको प्रयोगद्वारा उद्योगको स्थापना गरि रोजगारीको अवसर सिर्जना गर्ने र स्थानीय नागरिकलाई व्यवसायी बनाउने ।

(ख) स्थानीय नागरिकको आयस्तरमा सुधार ल्याउने ।

(ग) स्वरोजगारीको भावना जागृत गरि स्वावलम्बनको विकास गर्ने ।

(घ) खेर गएका स्थानीय स्रोत र साधनको उपयोग गरि आयआर्जन गर्न सकिने ।

(ङ) स्थानीय सीप र ज्ञानको सदुपयोग हुने ।

(च) कामलाई महत्त्व दिने प्रवृत्तिको विकास गरि खेर जाने समयको सदुपयोग गर्ने बानीको विकास गर्ने ।

७. **रणनीति :** यस कार्यक्रम कार्यान्वयनको रणनीति निम्नानुसार हुनेछ :

(क) स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको प्रयोगबाट सञ्चालन गर्न सकिने उद्यमको स्थापनामा जोड दिइनेछ ।

(ख) कार्यक्रम सञ्चालन गर्नुपूर्व आवश्यक भएमा तालिमको व्यवस्था गर्न सकिनेछ ।

(ग) कार्यक्रम सञ्चालन गर्दा सरकारी तथा गैरसरकारी संस्था, सहकारी एक्लै पनि, इन्सिच्युट आदिसँग परामर्श सेवामार्फत वा एक्लै पनि गर्न सकिनेछ ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

(घ) उद्योग सञ्चालन गर्दा आवश्यक यन्त्र उपकरणमा र औजारमा पाँच लाख सम्मको खरिद मूल्यमा ७०% अनुदान दिइनेछ सोभन्दा बढी रकमको यन्त्र उपकरण खरिदमा लागेको खरिद मूल्य उद्योगी आफैंले व्यहोर्नु पर्नेछ।

(ङ) गाउँपालिकामा प्रकाशित दरभाउपत्र वा ठेक्का आह्वान गरेबमोजिम अनुदानका लागि यन्त्र उपकरण र औजार गाउँपालिकाको स्वीकृति बमोजिम खरिद गरेपश्चात मात्र भुक्तानी गर्न सकिनेछ।

(च) यन्त्र उपकरण आवश्यक पर्ने उद्योग व्यवसायले अनुदान प्राप्त गर्न अनुसूची -१ बमोजिम गाउँपालिकामा आवेदन गर्नुपर्नेछ।


## परिच्छेद -२

**८. कार्यक्रमको क्षेत्र :** स्थानीय स्रोत साधनको अधिकतम प्रयोग भएको देहायका व्यवसायका क्षेत्रमा प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्न सकिनेछ :

(क) बेकरी उद्योग
(ख) बाँसका सामग्री निर्माण गर्ने उद्योग तथा व्यवसाय
(ग) कृषिजन्य उद्यम
(घ) दुनाटपरी उद्योग
(ङ) सिलाइकटाइ
(च) गारमेन्ट उद्योग
(छ) कम्प्युटर तथा मोबाइल मर्मत तालिम
(ज) स्थानीय जातका कुखुरा पालन गर्ने व्यवसाय
(झ) बिउटी पार्लर
(ञ) आधुनिक कृषि तथा पशुपालन व्यवसाय
(ट) दुध तथा दुग्धजन्य परिकार उत्पादन
(ठ) सेनिटरी प्याड निर्माण
(ड) लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन
(ढ) अन्य सिपमूलक तालिम तथा व्यवसाय

**९. उद्यम विकास सिपमूलक तालिम दिन सकिने :** (१) उद्यमीसँग उपाध्यक्ष कार्यक्रमबाट दफा ८ बमोजिका क्षेत्रमा सिपमूलक तालिम सञ्चालन गर्न सकिनेछ।





(२) उपदफा (१) अन्तर्गका क्षेत्रमा तालिमको पहिचान दफा ८ का आधारमा गरिनेछ।

(३) यस कार्यविधिबमोजिम प्रदान गरिने सिपमूलक, रोजगारमूलक व्यवसायिक तालिमको अवधि क्षेत्रगत रुपमा १५ दिन देखि ३ महिनासम्मको हुनेछ।

(४) उपदफा (३) बमोजिमको तालिम सेवा प्रदायक प्रदायकमार्फत गरिनेछ।

(५) यस कार्यविधिबमोजिम तालिम लिएका प्रशिक्षार्थीको अनुगमन तालिम अवधिभित्र आन्तरिक रुपमा अवलोकन वा सिपमूलक प्रश्नावलीका रुपमा गर्न सकिनेछ।

(६) उद्यम विकास सिपमूलक तालिम सञ्चालन गर्दा आवश्यक पर्ने मेसिनरी औजार वा उपकरण ७० प्रतिशत अनुदानमा सम्भव हुने क्षेत्रमा सबै सहभागीहरूलाई सम्झौतामा तोकिएबमोजिम सेवाप्रदायक परामर्शदाताले उपलब्ध गराउनु पर्नेछ।

**१०. प्रस्ताव आह्वानका लागि सूचना प्रकाशन गर्नुपर्ने :** (१) दफा ९ को उपदफा ४ बमोजिम सेवा प्रदायक संस्था छनौट गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६३ र दार्मा गाउँपालिकाको खरिद नियमावली २०७७ बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दरभाउपत्रको लागि १५ दिन र बोलपत्र आह्वानका लागि ३० दिनको सूचना प्रकाशन गरिनेछ।

**११. प्रस्ताव पेस गर्नुपर्ने** : दफा १० बमोजिम सूचना प्रकाशन भएको अवधिभित्र इच्छुक सेवाप्रदायक परामर्शदाताले तोकिएको प्रविधि हस्तान्तरणसमेत उद्यम सिप विकास तालिमको लागि प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै पेस गर्नुपर्नेछ।

**१२. कागजात पेस गर्नुपर्ने** : दफा ९ बमोजिमका सेवा प्रदायक परामर्श दाताले दफा ११ बमोजिम प्रस्ताव पेस गर्दा देहायबमोजिमको कागजातहरू अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

(क) तालिम प्रदायक संस्था सम्बन्धित निकायमा दर्ता भएको र तालिम सञ्चालन गर्न चाहेको अवधिसम्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(ख) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) तालिम सञ्चालन गर्न चाहेको स्थान र विषय उल्लेख भएको

(घ) कालो सूचीमा नपरेको स्व:घोषणा पत्र

(ङ) सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्षको अनुभव प्राप्त

(च) गाउँपालिकाले तोकेको अन्य आवश्यक कागजात।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**१३. प्रस्ताव मूल्याङ्कन समिति :** (१) यस कार्यविधिको दफा ११ बमोजिम रितपूर्वक पुगेका प्रस्तावहरूको मूल्याङ्कन गर्न देहायबमोजिमको मूल्याङ्कन समिति रहने छ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) संयोजकले तोकेको अधिकृतस्तरको एक जना कर्मचारी - सदस्य

(ग) प्रमुख, योजना शाखा : सदस्य

(घ) प्रमुख, जिन्सी शाखा - सदस्य

(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(च) प्रमुख, महिला तथा बालबालिका शाखा - सदस्य सचिव

(छ) एक जना आमन्त्रित विशेषज्ञ

**१४. प्रस्ताव मूल्याङ्कन :** दफा १३ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची ३ बमोजिमको मूल्याङ्कन मापदण्डका आधारमा प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गरि प्रभावग्राही सेवा प्रदायक परामर्शदाताको छनौट गर्नेछ।

**१५. आशयपत्र मागको लागि सूचना प्रकाशन :** दफा १४ बमोजिम प्रभावग्राही बोलपत्रमा दाबी विरोध गर्न सम्बन्धित सरोकारवालालाई जानकारी दिन दरभाउ वा बोलपत्र प्रकाशन गरेको सम्बन्धित राष्ट्रिय दैनिक पत्रिकामा ७ दिनको म्याद दिइ सूचना प्रकाशन गर्नुपर्नेछ।

**१६. सम्झौता : (१)** दफा १४ बमोजिम छनौट भएका लाभग्राही सेवा प्रदायक परामर्शदातालाई १५ दिनको म्याद दिइ तोकिए बमोजिम कार्यसम्पादन जमानत वा नगद धरौटीसहित सम्झौता गर्न बोलाउनुपर्ने छ।

(२) उपदफा १ बमोजिम सम्झौता गर्न आउने सेवा प्रदायक परामर्श प्रस्तावदातासँग अनुसूची -४ बमोजिम सम्झौता गर्नुपर्नेछ।

**१७. उद्यमीहरूको छनौट : (१)** यस कार्यविधि बमोजिम उद्यम सञ्चालन गरेका वा गर्न इच्छुक स्थानीय महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार, न्यून आय भएका लक्षित वर्गबाट कार्यपालिकाको निर्णयबाट उद्यमीको वडागत रूपमा सङ्ख्या निर्धारण गरि वडा कार्यालयलाई जानकारी दिनुपर्नेछ।

(२) उपदफा १ वडा कार्यालयले उद्यम सञ्चालन गरेका वा गर्न इच्छुक उद्यमीहरू सिफारिस गर्दा कम्तिमा ७ दिने म्याद दिइ सूचना प्रकाशन गर्ने र छनौट भएका



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

उद्यमीहरूलाई उद्यम विकास सिपमूलक तालिम तथा प्रविधि हस्तान्तरणको लागि सिफारिस गरि पठाउनुपर्नेछ।

**१८. अनुदान दिन सकिने : (१)** कृषिजन्य उद्यम सञ्चालन गरिरहेका उद्यमीहरूको व्यवसाय स्तरोन्नती गर्न ७० प्रतिशत अनुदानमा मापदण्ड बनाइ मेसिनरी औजार तथा उपकरण उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा १ बमोजिमको अनुदानका लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा २ बमोजिम अनुसूची १ बमोजिम आवेदन दिनुपर्नेछ।

**१९. अनुदानका लागि अनुगमन गर्नुपर्ने :** (१) दफा १८ बमोजिम अनुदानका लागि अनुगमन समितिबाट निरीक्षण गराउनुपर्नेछ र अनुगमन समितिको निर्णय तथा सिफारिस पश्चात् गाउँपालिकाले अनुदान प्रदान गर्नेछ।

(२) अनुदान दिन मिल्ने वा नमिल्ने विषयमा अनुगमन समितिको सिफारिसका आधारमा कार्यपालिकाको निर्णय गर्नसक्नेछ।

(३) संघ तथा प्रदेशबाट आर्थिक अनुदान प्राप्त गरेका उद्योग तथा व्यवसायीले सोही व्यवसाय तथा उद्योगको लागि पुन: अनुदान प्राप्त गर्न सक्नेछैन।

**२०. अनुगमन समिति** : अनुदान रकमलाई प्रभावकारी रुपमा कार्यानव्यन गर्नका निम्ति देहायबमोजिमको अनुगमन समिति हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) आर्थिक विकास समिति संयोजक – सदस्य

(घ) गाउँपालिकाको लेखा शाखा प्रमखु – सदस्य

(ङ) गाउँपालिकाको योजना शाखा प्रमुख – सदस्य सचिव

**२१. प्रतिवेदन पेस गर्नुपर्ने** : कार्यक्रम सञ्चालनका लागि छनौट भएको सेवाप्रदायक परामर्शदाता र अनुदानग्राही उद्यमीले मासिक रुपमा गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्नेछ।

**२२. संशोधन :** यो कार्यविधि संशोधन गर्नुपरेमा गाउँकार्यपालिकाबाट संशोधन गरिनेछ ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**२३. बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाबाट स्पष्ट गरि बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची -१
## निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
दार्मा गाउँपालिका, सल्यान

**विषय : अनुदान पाऊँ भन्ने बारे ।**

महोदय



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

उपर्युक्त विषयमा दार्मा गाउँ कार्यपालिकाको कार्यालयबाट मिति ..................... मा प्रकाशित सूचनानुसार म निवेदक यस दार्मा गाउँपालिका वडा नं ... सल्यानमा बसोबास गरिरहेको स्थायी बासिन्दा हुँ । मैंले मिति ......./ ...../ ....मा उद्योग व्यवसाय दर्ता गरेको छु । मार्फत उद्योग व्यवसायलाई थप प्रवर्धन गर्न निम्न विवरण र कागजात समेत यसै संलग्न गरि अनुदान पाऊँ भनि यो निवेदन पेश गरेको छु ।

१. नाम थर :

२. बाबु / आमाको नाम :

३. जन्ममिति :

४. उद्योग व्यवसायको नाम :

५. ठेगाना :

(क)स्थायी : ...................  (ख) अस्थायी : ...................

६. सम्पर्क नम्बर

(क) मोबाइल : ..................  (ख) टेलिफोन नं : ................

७. सम्बन्धित विषयमा तालिम लिएको : छ / छैन ।

८. संलग्न गराउनुपर्ने कागजातहरु

(क)नागरिकताको प्रमाण –पत्रको प्रतिलिपि

(ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) सम्बन्धित वडाको सिफारिस पत्र

(घ) करचुक्ता र नवीकरणको प्रतिलिपि

(ङ) PAN / VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि

(च) अनुभव तथा तालिमको प्रमाणपत्र भए सोको प्रतिलिपि

(छ) व्यवसायिक योजना प्रस्तावना

उपर्युक्त विवरण ठिक छ । झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

नामथर : ............  ठेगाना : .........

हस्ताक्षर : ................

## अनुसूची -२

## तालिम आवेदन फारामको ढाँचा



श्री वडा सचिवज्यू

विषय : तालिम पाऊँ भन्ने बारे ।

महोदय

उपर्युक्त विषयमा दार्मा गाउँ कार्यपालिकाबाट मिति ………………….. मा प्रकाशित सूचनानुसार सञ्चालन गरिने …………………. विषयको व्यवसायिक स्वरोजगारमूलक सिप विकास तालिममा सहभागी हुने इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिसहित यो निवेदन पेश गरेको छु ।

१. नामथर : …………………………. लिङ्ग :

२. बाबु/आमाको नाम : ……………...

३. जन्ममिति : …………………… उमेर : ….. वर्ष …. महिना …. दिन

४. शैक्षिक योग्यता : ………………..

५. वैवाहिक स्थिति : विवाहित / अविवाहित / एकल

६. ठेगाना : (क) स्थायी : …………………….. (ख) अस्थायी : ………………

७. सम्पर्क नम्बर : (क) मोबाइल ……….. (ख) टेलिफोन नं. : ……………..

८. परिवारको अन्दाजी वार्षिक आम्दानी :

९. वर्ग/समूदाय : आदिवासी जनजाति / दलित / महिला / अन्य

१०. तालिम लिन चाहेको कारण :

तालिम पश्चात् सीप अनुरुपको व्यवसाय उद्यम सञ्चालन गर्ने प्रतिवद्धता गरेको छु ।

निवेदक

नाम :

ठेगाना :

हस्ताक्षर :

मिति :

**अनुसूची -३**



अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत
दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

## सेवाप्रदायक  प्रस्ताव छनौट मूल्याङ्कन मापदण्ड

| क्र.स. | सेवाप्रदायकको नाम | मूल्याङ्कन मापदण्ड | | | |
|---|---|---|---|---|---|
| | | अनुभव | जनशक्ति | सम्पादन योजना | आर्थिक |
| | | २० | २० | २० | ४० |
| | | | | | |
| | | | | | |
| | | | | | |

द्रष्टव्य :

१. अनुभव वापत् अङ्क प्रदान गर्दा १ वर्ष पूरा गरेको भए ५ अङ्क, २ वर्ष पूरा गरेको भए १० अङ्क, ३ वर्ष पूरा गरेको भए १५ अङ्क र ४ वर्ष वा सोभन्दा बढी वर्ष पूरा गरेको भए २० अङ्क प्रदान गर्ने ।

२. जनशक्तिको मूल्याङ्कन गर्दा सम्बन्धित विधामा कम्तिमा १ जना भए ५ अङ्क, २ जना भए १० अङ्क, ३ जना भए १५ अङ्क, ४ जना वा सोभन्दा बढी भए २० अङ्क प्रदान गर्ने ।

३. कार्यसम्पादन योजनाको मूल्याङ्कन गर्दा देहायबमोजिम गर्ने :

(क) परिचय - २ अङ्क

(ख) उद्देश्य - ४ अङ्क

(ग) कार्ययोजना - ८ अङ्क

(घ) मूल्याङ्कन योजना - ४ अङ्क

(ङ) प्रस्तावको निष्कर्ष - २  अङ्क

४. आर्थिक मूल्याङ्कन गर्दा सबैभन्दा घटी कबोल अङ्कलाई आर्थिक प्रस्तावको लागि छुट्याइएको अङ्कभारले गुणन गरी प्राप्त गुणनफललाई मूल्याङ्कन गरिने प्रस्तावदाताको कबोल अङ्कले भाग गर्दा आउने भागफलको अङ्क आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ ।

५. प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्क दुबैको योगफलमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई छनौट गर्नुपर्नेछ ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३